# कोहलपुर राजपत्र

**खण्ड :०३ संख्या : ०८ प्रकाशित मिति : २०७६/१२/०१**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) बमोजिम कोहलपुर नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तललेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-०२

## कोहलपुर नगरपालिका

### नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधि २०७६

प्रस्तावना : कोहलपुर नगरपालिकामा शैक्षिक क्षेत्रभित्र वा बाहिर खेलकूदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रमान, मध्यपान, लागु पदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित्त कोहलपुर नगरपालिका क्षेत्रभित्र खेलकूदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकूद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगितामा कोहलपुर नगरपालिका क्षेत्रभित्र खेलकूद विकास गर्न एवं नगरपालिका भित्र रहेका खेलकूदसँग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले नेपालको संविधानको अनुसूची ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम हुन वान्छनीय भएकोले कोहलपुर नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत गरी यो “नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०७६” जारी गरिएको छ ।

## परिच्छेद- १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (क) यो कार्यविधिको नाम "नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०७६" रहेकोछ । (ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(ग) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकूदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

## परिच्छेद-२ परिभाषा

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले कोहलपुर नगरपालिकालाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले कोहलपुर नगरपालिका "नगर खेलकूद विकास समिति कार्यविधि २०७६" सम्झनु पर्छ ।

(ग) "नगर खेलकूद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकूद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "खेलकूद समिति" भनिनेछ ।

(घ) "संयोजक" भन्नाले नगर खेलकूद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले नगर खेलकूद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(च) "सदस्य-सचिव" भन्नाले नगर खेलकूद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ज) "उप-प्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १२ र १३ बमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ ।

(ट) "स्थानीय सरकार" भन्नाले कोहलपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ड) "खेलकूद " भन्नाले कोहलपुर नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकूद समेतलाई सम्झनु पर्दछ ।

(ढ) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।

(ण) "प्रशिक्षक" भन्नाले कोहलपुर नगरपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकूद प्रशिक्षक सम्झनु पर्छ ।

(त) "प्रशिक्षार्थी" भन्नाले कोहलपुर नगरपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनुपर्दछ ।

## परिच्छेद-३

## नगर खेलकूद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

३. नगर खेलकूद विकास समितिको गठन : (१) खेलकूदको विकास गर्नको लागि कोहलपुर नगरपालिकामा देहाय बमोजिमको ११ सदस्यीय "खेलकूद विकास समिति" को गठन हुनेछः–

(क) कोहलपुर नगरपालिकाको प्रमुखले तोकेको व्यक्ति - संयोजक

(ख) विभिन्न विधाका खेलकूदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित ३ जना - सदस्य

(ग) नगर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट कोहलपुर नगरपालिका कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना -सदस्य

(घ) नगर खेलकूद कार्यालय रहने वडाका वडाध्यक्ष -सदस्य

(ङ) नगर स्तरका खेलकूद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित ३ जना -सदस्य

(च) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्ये प्रमुखद्वारा मनोनित २ जना -सदस्य

(छ) सम्बन्धित शाखाको शाखा अधिकृत १ जना- सदस्य सचिव

४. समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकूदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. नगर खेलकूद समिति अर्न्तगत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकूद समिति गठन गर्न सकिनेछ ।

६. खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार : खेलकूद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगर स्तरीय खेलकूद क्यालेण्डरलाई स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकूदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकूदको स्तरमा वृद्धि गर्न नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ङ) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./न.पा, जिल्ला, प्रदेश र संघमा पठाउने,

(च) स्थानीय स्तरका खेलकूद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

(छ) स्थानीय सरकारलाई खेलकूद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(झ) खेलकूद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्टा एवंम निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(ञ) खेलकूदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकूद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ट) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हासिल गर्नकोलागि पठाउने,

(ठ) नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ड) खेलाडीको स्वास्थ्यको प्रवर्द्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ढ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ण) वडा स्तर र विद्यालय स्तरमा खेलकूद गतिविधि सञ्चालन गर्ने गराउने,

(त) खेलकूद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(थ) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

७. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक बिषय सूचि र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

८. समितिका सदस्यहरुको पदावधि : (१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ । (२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ४ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ । (३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ । (४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

९. सदस्यको अयोग्यता : देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, (ङ) मगज बिग्रेको ,

(च) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको ।

१०.सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्‌को बैठकमा अनुपस्थित भएमा ।

## परिच्छेद-४

## समितिको बैठक

११. समितिको बैठक र निर्णय : (१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक प्रत्येक २/२ महिनामा अनिवार्य बस्नु पर्नेछ । वर्षको कम्तीमा ६ पटक बस्नेछ । समितिको आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिब माफिकको कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ३ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राख्नेछ ।

## परिच्छेद-५

## टिम, क्लव, संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

१२. खेलकूद सम्बन्धी संस्थाको दर्ता : (१) खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत दफा १३ बमोजिम दर्ता गर्नु पर्ने छ । (२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकूद सम्बन्धी टिम, क्लव, संघ संस्थाले कोहलपुर नगरपालिका भित्र खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन ।

१३. संस्था दर्ताको लागि दरखास्त दिनु पर्ने : (१) समितिको लगतमा संस्था दर्ता गराउन चाहने खेलकूद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दस्तुर ५००।- का साथ अनूसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकूदको किसिम/विधा,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा । (२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकूद सम्बन्धी संस्थाले संस्था दर्ता प्रमाण पत्र र विधानको प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

१४. खेलकूद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने : (१) दफा १३ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैंतीस दिन भित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गराई अनूसूची-२ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ ।

(२) पहिल्यै दर्ता भइ सकेको संस्था भए नगरपालिकामा सूचीकृतको लागि अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ,

(३) सूचीकृत भएका संस्थाहरुलाई अनुसूची-४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ,

(४) दर्ता वा सूचीकृत भएका संस्थाको नवीकरण गर्न दिईने निवेदन अनुसूची-५ बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

(५) नगरपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शूल्क बाहेक अन्य दस्तुर लाग्नेछैन ।

(६) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै दर्तावाल वा सूचीकृत संस्थाहरुले नगरपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(७) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा नं. (PAN) लिएको हुनु पर्नेछ ।

(८) दर्ता र नवीकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउंको निरीक्षण गर्नु पर्नेछ ।

(९) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

(१०) दर्ता भएका टिम क्लव, संघ संस्थाले जुनसुकै खेलकूदको प्रतियोगिता गर्नु भन्दा अगाडि नगर खेलकूद  समितिलाई जानकारी गराई स्वीकृति लिनु पर्नेछ ।

(११) नगर खेलकूद समितिमा दर्ता भएका टिम, क्लव, संघसंस्थाहरुले नगर खेलकूद समितिको उद्देश्य अनुसार खेलकूद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकूद  विकास समितिको सिफारिसमा नगरपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

१५. हेरफेरको सूचना गर्नु पर्ने : (१) यो ऐन बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकूद सम्बन्धी संस्थाले दफा १३ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिनभित्र समितिलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावद्यिक बनाई राख्नु पर्नेछ ।

१६. खेलकूद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्ने : (१) खेलकूद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ खेलकूद समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ ।

(३) खेलकूद समितिले उपदफा (२) बमोजिम खेलकूद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

१७. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने : (१) समितिले खेलकूद सम्बन्धी संस्थालाई खेलकूदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकूद सम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकूद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकूद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकूद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

१८. समितिको स्वीकृति लिनु पर्ने : खेलकूद सम्बन्धी संस्थाले खेलकूद प्रतियोगिता नगर भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा कोहलपुर नगरपालिकामा हुने खेलकूद प्रतियोगिता वा खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ ।

१९. सदस्यहरुको भत्ता : (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउने छन् ।

२०. कार्यक्रम तथा बजेट : खेलकूद विकास प्रवद्धर्नको लागि कोहलपुर नगरपालिकाले आवश्यक बजेट बार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-६

## आचार संहिता

२१. आचार संहिता : (१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी नगर कार्यपालिका र सभासदहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :–

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइने छ ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न नगरपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

(ञ) नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सूचीकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

२२. सौजन्यता : दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगरपालिकको पूर्व स्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ ।

## परिच्छेद-७

## सजाय

२३ जरिवाना : (१) दर्ता भएका खेलकूद  सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ

(क) एक वर्षसम्म पनि नवीकरण नगरेमा रु. १०००/–

(ख) दुई वर्षसम्म पनि नवीकरण नगरेमा रु. २५००/–

(ग) तीन वर्षसम्म पनि नवीकरण नगरेमा रु. ५०००/-

(घ) पाँच वर्षसम्म पनि नवीकरण नगरेमा रु. १०,०००/-

(२) पाँच वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन ।

(३) समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

२४.संस्थाको विघटन : (१) दर्ता भएको खेलकूदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछ :

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगातार ५ वर्षसम्म संस्था नवीकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत् विक्षत् भएमा ।

२५. विघटित संस्थाको सम्पत्ति : विघटन भएको संस्थाको सम्पत्ति नगरपालिका मातहतमा रहनेछ ।

२६. सजायः (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पुर्‍याएमा निजलाई २०,०००।- (बीस हजार) रुपैयाँसम्म जरिबाना हुन सक्नेछ ।

(२) आर्थिक सम्पत्तिमा हानी नोक्सानी पुर्‍याएमा आर्थिक ऐनमा उल्लेख भए अनुसार कारवाही हुनेछ।

२७. असल नियतले गरेको काममा बचाउ : यस निर्देशिका बमोजिम खेलकूद सम्बन्धी शैक्षिक संस्था, क्लव, संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारवाही गरिनेछैन ।

२८. यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

२९. प्रतिवेदन : समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

३०. बाधा अडकाउ फुकाउने अधिकार : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार कोहलपुर नगरपालिकालाई हुनेछ ।

३१. संशोधन : यस निर्देशिकामा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा १३ को उपदफा १ सँग सम्बन्धित) मिति :...................................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर बाँके ।

विषय : संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसिलमा लेखिएको विवरण अनुसारको खेलकूद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखि विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार संस्था दर्ता गरिदिनु हुन अनुरोध गरिन्छ ।

संस्थाको कार्यालय रहने स्थान :............................................ कोहलपुर

नगरपालिका वार्ड नं..........., टोलको नाम....................

| | |
|---|---|
| सचिव : | अध्यक्ष : |
| नाम : | नाम : |
| मिति : | मिति : |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

क) संस्थाको विधानको मस्यौदा ।

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि ।

ग) संस्थाको छापको नमूना ।

अनुसूची-२

(दफा १४ को उपदफा १ सँग सम्बन्धित)

कोहलपुर नगरपालिका कार्यालय, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर बाँके

मितिः...........................

संस्था दर्ता प्रमाण पत्र

संस्थाको नाम :.......................................... ठेगाना :.......................................... दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या : दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम : माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ। कोहलपुर नगर खेलकूद विकास समिति कार्यविधि र विधानको अधिनमा रही खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ।

प्रमुख प्रशासकीय अधिकृत
कोहलपुर नगरपालिका

संस्था नवीकरणको विवरण

| क.स | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र न.पा. को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-३

(दफा १४ को उपदफा २ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ।

विषयः संस्था सुचिकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । नगर कार्यपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरु

क) दर्ता प्रमाण पत्र ।

ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन ।

ग) कर चुक्ता प्रमाण पत्र ।

घ) कार्य समितिको निर्णय ।

| | |
|---|---|
| ......................... | ........................... |
| हस्ताक्षर | हस्ताक्षर |
| सचिव | अध्यक्ष |

अनुसूची-४

(दफा १४ को उपदफा ३ सँग सम्बन्धित)

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ।

संस्था सूचीकृत प्रमाण पत्र ।

संस्थाको नाम :............................................. ठेगाना :........................................................ दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या : दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम : माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । कोहलपुर नगर खेलकूद विकास समिति कार्यविधि र विधानको अधीनमा रही खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत
कोहलपुर नगरपालिका

संस्था नवीकरणको विवरण

| क्र.स | संस्थाको नामः | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-५

(दफा १४ को उपदफा ४ सँग सम्बन्धित)

मिति :..............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

कोहलपुर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, कोहलपुर, बाँके ।

विषय : संस्था नवीकरण गरी पाउँ ।

.............................................................................................. नामक संस्था यस नगरपालिकामा दर्ता/सूचीकृत भई खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखि नवीकरण गरिपाउँ भनि निवेदन गर्न आएको छु/छौ । अतः आर्थिक बर्ष ................ को संस्था नवीकरण गरी पाउँ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क) आर्थिक वर्ष ..................को लेखापरीक्षण प्रतिवेदन,

ख) संस्थाको वार्षिक गतिविधि,

ग) भावि योजना र बजेट ।

निबेदक

प्रमाणिकरण मिति : २०७६/११/२९

आज्ञाले

विरेन्द्रदेव भारती

प्रमुख प्रशासकिय अधिकृत